आज मिति २०७४ साल पौष १३ गतेका दिन यस गाउँकार्यपालिका को बैठक अध्यक्ष श्री जगतबहादुर भोलन ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| | श्री जगतबहादुर भोलन | - अध्यक्ष |
| | श्री दुर्गादेवी सुनुवार | - उपाध्यक्ष |
| | श्री रामकाजी वाइवा | - सदस्य |
| | श्री एकबहादुर खड्का | - " |
| | श्री कृष्णबहादुर थिङ | - " |
| | श्री चक्रबहादुर पाख्रिन | - " |
| | श्री विष्णुकुमार कर्माचार्य | - " |
| | श्री भानुका थापामगर | - " |
| | श्री मैयुन्दरीमाया वाइवा | - " " |
| यम | श्री यमकुमारी दमाई | - " |
| सुन | श्री सुनमाया थिङ | - " |
| गंगा | श्री गंगामाया वि.क. | - " " |
| हिमाली | श्री हिमालीमाया वि.क. | - " |
| | श्री सन्तोष नेपाली | - प्रमुख प्रशासकीय अधिकृत |
| | श्री कविराज थापा | - लेखापाल |
| | श्री भरतभंग थापा | - ना. सु. |

## आमन्त्रित

श्री महेन्द्र यादव - स्वास्थ्य संयोजक
श्री मिलन श्रेष्ठ - कृषि

**निर्णय नं. १**

यस ह्याङ्लेख गाउँपालिकाको दोश्रो गाउँसभा मिति २०७४ साल पौष २६ गते बुधवारका दिन सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

गाउँकार्यपालिकाको कार्यालय संचालन गर्नको लागि तपशिल अनुसारका कर्मचारीहरुको आवश्यकता भएकोले सो कर्मचारी व्यवस्थापन गर्न नियम अनुसार पत्रिकामा विज्ञापन दिने निर्णय गरियो ।

तपशिल

१. इन्जिनियर (सिभिल) - १ जना

२. सिभिल सव इन्जिनियर - २ जना
३. कम्प्युटर अपरेटर - १ जना (सहायकस्तर पाँचौं तह)
४. सुचना तथा प्रविधि अधिकृत - १ "
साथै माथि उल्लेखित कर्मचारीहरुको पदपूर्ति गर्नको लागि लाग्ने सम्पूर्ण रकम ~~(पदपूर्ति)~~ विविध शीर्षकमा विनियोजित गरी खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.३

गाउँ कार्यपालिकाको कार्यालयमा दैनिक ज्यालादारीमा कार्यरत श्री प्रल्हादकुमार स्यांङतान र तिमिसा पुलामीलाई २०७४ साल पौष १५ गतेबाट लागु हुनेगरी मासिक रु. १०,०००/- (दश हजार मात्र) का दरले तलबभत्ता भुक्तानी दिनेगरी नियुक्ती गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

निर्णय नं.४ :-

यस गाउँ पालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुमा कर्मचारी व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको निर्णय गरियो ।

(क) यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा क्षेत्रीय करारबाट नियुक्त भै कामकाज गर्दै आएकोमा पौष मसान्तसम्म मात्र म्याद भएको - अ.न.मि., अ.हे.व. र हे.अ. हरुलाई दरबन्दी अनुसार लोकसेवा आयोग बाट सिफारिस भै आएमा स्वत: पदमुक्त हुनेगरी खाइपाई आएको सेवा सुविधा कायम रहनेगरी आवश्यकता अनुसार मासिक करार म्याद थप गर्ने ।

(ख) अस्पताल तथा स्व.बी.ए. ट्रेनिङ्ग वार्ड एवं प्रा. स्वा. के. मा २४ घण्टा प्रसुती सेवा प्रदान गर्नको लागि यस गाउँपालिकाबाट अ.न.मि. १ जनाको पदपूर्ति गर्न विज्ञापन गर्ने ।

(ग) स्वास्थ्य संस्थामा ~~[illegible]~~ आवश्यकता परेका कार्यालय सहयोगीहरुको व्यवस्थापन गर्ने सम्बन्धमा छलफल गर्दा प्रत्येक स्वास्थ्य संस्थामा १ जनाका दरले मासिक रु. ३,०००/- का दरले तलबभत्ता भुक्तानी हुनेगरी ५ जनाका. सहयोगीहरु को नियुक्त गर्नको लागि विज्ञापन गर्ने ।

निर्णय नं ५ :-

यस गाउँपालिकाको लागि आवश्यक पर्ने सामानहरु खरिद गर्नको लागि खरिद ऐन अनुसार गठन गर्नुपर्ने खरिद इकाई तपशिल अनुसारको गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. श्री सन्तोष नेपाली - संयोजक
२. श्री कनिराम थापा - सदस्य
३. श्री भरतजंग थापा - "

४. श्री कमल लामा - सदस्य

निर्णय नं. ६

यस गाउँपालिकाको कार्यालयमा रहेका चारवटा मोटरसाइकल विभिन्न वडाहरुमा दिइएको हुनाले उक्त बाईक कार्यालय प्रयोजनको लागि मात्र प्रयोग गर्ने र नम्बर प्लेट अनिवार्यरुपमा सरकारी (सेतो प्लेट) बनाउने कार्य कडाईका साथ लागु गर्ने निर्णय गरियो।

निर्णय नं. ७

वडा कार्यालयमा हुने विभिन्न शीर्षकहरुको खर्च रकम व्यवस्था गर्न तपशिल अनुसारका शीर्षकहरुमा तपशिल बमोजिमको अधिकतम बजेट सिमा निर्धारण गरी निर्णय गरियो।

तपशिल

१. चिया, खाजा तथा फुटकर खर्च वार्षिक रु. २०,०००/- का दरले प्रत्येक वडालाई

२. संचार महसुल वार्षिक रु १२,०००/- (बाह्र) ,, ,,

निर्णय नं. ८

यस गाउँपालिकामा आवश्यक कर्मचारीहरुको पदपूर्ति गर्नको लागि तपशिल अनुसारको उम्मेदवार छनौट तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो।

तपशिल

१. श्री सन्तोष नेपाली - संयोजक
२. श्री हुतराज निरौला - सदस्य
३. श्री कविराज थापा - सदस्य-सचिव

माथि उल्लेखित समितिले सिभिल इन्जिनियर -१, सब-इन्जिनियर - २, सुचना तथा प्रविधि अधिकृत -१ र कम्प्युटर अपरेटर - १ जनालाई नियुक्तिको लागि सिफारिस गर्ने छ।

निर्णय नं. ९

यस गाउँपालिका अन्तर्गत स्वास्थ्य तर्फका अ.न.मि. १ जना र कार्यालय सहयोगीहरु ५ जना नियुक्ति गर्नको लागि तपशिल बमोजिमको उम्मेदवार छनौट तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो साथै परीक्षाको लागि लाग्ने खर्च रकम विविध शीर्षकबाट व्यहोर्ने निर्णय गरियो।

तपशिल

१. श्री सन्तोष नेपाली - संयोजक
२. श्री महेन्द्र यादव - सदस्य
३. श्री कविराज थापा - सदस्य-सचिव

सन्तोष नेपाली
प्रमुख प्रशासकिय अधिकृत